केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/७/०६७/६८ मितिः २०६७/०६/२०

**सम्पूर्ण इजाजतपत्रप्राप्त वाणिज्य बैंकहरु**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंकहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

यस बैंकबाट जारी गरिएको आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिमा उल्लेखित उत्पादनशील र खासगरी कृषि, उर्जा, पर्यटन, घरेलु तथा साना उद्योगतर्फ पर्याप्त लगानी सुनिश्चित गर्न ३-वर्षभित्र ती क्षेत्रहरूमा औसत कर्जा प्रवाह दोब्बर गर्ने कार्ययोजना पेश गर्नुपर्ने सन्दर्भमा हालको (२०६७ असार मसान्त) सम्पूर्ण बैंकहरुको औसत कर्जा लगानी (Industry Average) १० प्रतिशत रहेकोले त्यसको दोब्बर अर्थात २० प्रतिशत पुर्‍याउन संलग्न अनुसची १ र २ को ढाँचामा देहाय बमोजिम हुने गरी २०६७ पौष मसान्त भित्र कार्य योजना तयार गरी पेश गर्नुपर्ने व्यवस्था कायम गरिएको छ ।

१. हाल तोकिएका उत्पादनशील क्षेत्रमा औसत कर्जा लगानी Industry Average भन्दा कम भएका बैंकहरुले ३ वर्षभित्र Industry Average को दोब्बर अर्थात २० प्रतिशत हुने गरी कर्जा प्रवाहको कार्य योजना पेश गर्ने ।

२. हाल तोकिएका उत्पादनशील क्षेत्रमा औसत कर्जा लगानी Industry Average भन्दा बढी भएका बैंकहरुले ३ वर्ष भित्र २० प्रतिशत पुग्ने गरी कर्जा प्रवाहको कार्य योजना पेश गर्ने । यस्ता बैकहरुको हकमा हालको उक्त क्षेत्रमा प्रबाह भएको कर्जाको दोब्बर गर्न आवश्यक नहुने ।

३. २०६७ आषाढमसान्त पश्चात वित्तीय कारोवार गर्न इजाजत पाएका बैंकहरुले ३-वर्षभित्र ती क्षेत्रहरूमा औसत कर्जा प्रवाह Industry Average को दोब्बर अर्थात २० प्रतिशत पुर्‍याउने कार्ययोजना पेश गर्ने ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।